# खडक नगरपालिका

# ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०८१

खडक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी

मधेश प्रदेश, नेपाल

# ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधी, २०८१

**१. परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्धारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुचि ८ को क्र.स. १६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खडक नगर कार्यपालिकाले यो कार्याविधी बनाई लागू गरेकोछ ।

**२. परिचय पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय पत्र वितरणका आधार हुनेछन् ।

**३. उदेश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपताका लागी अनुसूची २ को ढाँचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संविधान अनुसार प्रदत ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४. लक्षित वर्ग**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पूरा गरेका सबै नेपाली नागरिकहरु ।

**५. ज्येष्ठ नागरिकको वर्गीकरण**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ :

(क) साठी वर्ष पूरा गरी सत्तरी वर्ष उमेर पूरा नगरेका ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

**६. परिचय पत्र वितरण मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ ।

**७. ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा :**

ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिम हुनेछ । ज्येष्ठ नागरिक परिचय पत्रको आकार नेपाली नागरिकताको प्रमाण पत्रको आकार बराबरको हुनेछ । उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडि पट्टि अंग्रेजी भाषामा समेत हुनेछ ।

**८. परिचय पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र दुई प्रति पासपोट साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण पत्रलाई आधार मानिनेछ ।

(ग) नगरपालिकामा प्राप्त निवेदन उपर आवश्यक जाँच गरी रीतपूर्वक देखिएका निवेदकको ज्येष्ठ नागरिक परिचय पत्र तयार गरि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीको अधिकारीक हस्ताक्षर सहितको प्रमाणित गराइ उपलब्ध गराउनु पर्नेछ ।

(घ) परिचय पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्यूटराइज गरी वडा तथा नगरपालिका कार्यालय मार्फत

वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचय पत्रको प्रतिलिपी लिन नगर कार्यपालिकाको कार्यालय खडक नगरपालिकाको कार्यालयमा रु.१००।-(एक सय रुपैया) दस्तुर सहित निवेदन पेश गर्नुपर्नेछ ।

(च) यस नगरपालिका बाहेक अन्य स्थानको नेपाली नागरिकतको प्रमाण पत्र भएमा अनिवार्य रुपमा निजको बसाई सराई वा मतदाता परिचय पत्र पेश गर्नु पर्नेछ ।

(छ) यस पूर्व महिला तथा बालबालिका कार्यालयबाट ज्येष्ठ नागरिकहरुले प्राप्त गरेको परिचयपत्र यसै कार्याविधी बमोजिम भए गरेको हुनेछ ।

**९. विविध :**

(क) ज्येष्ठ नागरिक परिचय पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्याविधि आफै निर्धारण गर्नेछ ।

(ख) नगरपालिकालाई आवश्यक लागेमा कार्यपालिकाका ज्येष्ठ सदस्यको संयोजकत्वमा कार्याविधीले तोके बमोजिम सदस्य रहने गरि एक ज्येष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

अनुसूची १

खडक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी

मधेश प्रदेश, नेपाल

## ज्येष्ठ नागरिक परिचय पत्र

प्र.प.नं. :

नामथर : ..................................

राष्ट्रियता : .............. ना.प्र.प.नं. : .......................

ठेगाना : जिल्ला : ................. न.पा. :............... वडा नं. ............

टोल/गाउँ : ....................

जन्म मिति :.................... उमेर : ............ लिङ्ग : ...............

उपलब्ध छुट तथा सुविधाहरु : ..............................................................

पति/पन्तीको नाम : ......................................................

हेरचार केन्द्रमा बसेको भए सोको विवरण : ...........................................

सर्म्पक गर्नुपर्ने व्यक्तीको नाम/थर : ...............................

सम्पर्क : ................... रक्त समुह : ...............

Khadak Municipality,Saptari Nepal has issued Senior ID card with following details

Senior Citizen Id : .....................................................

Full Name : ........................................................

Address : ........................................................

Date of Birth A.D. : .................................... Sex : ...........................

Passport no : .......................... Date of issue : ..................................

प्रमाणित गर्ने अधिकृतको:

दस्तखत :

नामथर :

जारी मिति :

# अनुसूची २
## ज्येष्ठ नागरिक परिचय पत्र अभिलेख विवरण

............ जिल्ला .................नगरपालिका.............वडा नं. ...............प्रदेश

| सि.न. | नाम,थर | जन्म मिति | बुबा/आमाको नाम,थर | बाजेको नाम,थर | पति/पत्नीको नाम,थर | संरक्षकको नाम,थर | ना.प्र.नं. तथा जारी मिति र जिल्ला | ज्येष्ठ नागरिक परिचय पत्र नं. तथा जारी मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

<u>तयार गर्ने :</u>
नाम,थर :
पद :

<u>प्रमाणित गर्ने :</u>
नाम,थर :
पद :

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची - १

(नियम ८ को उपनियम(१), नियम १२ को उपनियम(३) र नियम १६ को उपनियम(३) सँग सम्बन्धित)

## ज्येष्ठ नागरिकको व्यक्तिगत अभिलेख

१. ज्येष्ठ नागरिकको व्यक्तिगत विवरण

क) ज्येष्ठ नागरिकको नाम,थर :-

ख) बाबु तथा आमाको नाम :-

ग) बाजे तथा बज्यैको नाम :-

घ) जन्म मिति र स्थान :-

ङ) ठेगाना :-

अ) स्थायी ठेगाना:- जिल्ला: ……………नगरपालिका:……………वडा नं.:………… टोल/गाउँ:………………फोन नं.:…………………ईमेल:…………………………………

आ) अस्थायी ठेगाना :- …………………

च) लिङ्ग :-

छ) स्वास्थ्य सम्बन्धि विवरण (कुनै रोग, शारीरिक अपाङ्गता र कुनै दीर्घ रोग भए खुलाउने)

ज) नागरिकता :-

२. ज्येष्ठ नागरिकको परिवार सम्बन्धि विवरण :-

क) संगोलको छोरा, बुहारी, छोरी, नाति, नातिनीको :-

अ) नाम, थर र ठेगाना :-

आ) सम्पति तथा आयस्ता सम्बन्धि विवरण:-

ख) हकवाला सम्बन्धि विवरण:-

क्र.स. नाम,थर, उमेर नाता व्यवसाय ठेगाना

१.

२.

३.

ग) अन्य पारिवारिक पृष्ठभुमि:-

३. ज्येष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षता:-

क) शैक्षिक योग्यता:-

ख) पेशागत दक्षता:-

ग) अनुभवको क्षेत्र:-

४. ज्येष्ठ नागरिकको सम्पत्ति विवरण:-

क) चल सम्पत्ति:-

ख) अचल सम्पत्ति:-

प्रमाणित गर्नेको :-

नाम,थर :-

पद :-

निकाय :-